तिलोत्तमा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

कार्यपालिका बैठक संख्या १८/०७७/०७८ (११०) मिति २०७८/०३/२७ गते

प्रस्तावहरुः

१. नदिजन्य पदार्थको व्यवस्थापन गर्न "तिलोत्तमा सार्वजनिक खरिद नियमावली, २०७६" (प्रथम संशोधन २०७८) सम्बन्धमा ।

२. नदीजन्य पदार्थको लिलामी सम्बन्धमा ।

३. स्रोत नखुलेको नदीजन्य पदार्थ सम्बन्धमा ।

४. वडा नं.-१ को आधारभूत स्वास्थ्य केन्द्रको जग्गा सम्बन्धमा ।

निर्णयहरुः

निर्णय नं.-१

तिलोत्तमा सार्वजनिक खरिद नियमावली, २०७६ को नियम १४० मा तपसिल अनुसारको उपनियम (७) र (८) थप गरी प्रथम संशोधन २०७८ कायम गरिएको छ।

तपसिलः

७) नदीजन्य पदार्थको व्यवस्थापनको सम्बन्धमा यस नियमावली अनुसार नदीजन्य पदार्थको ठेक्का सम्झौता भई घाटगद्दीको नापजाँच पश्चात: सम्झौता अनुसारको परिमाण सम्बन्धित पक्षलाई विक्री आदेश दिइने छ । घाटगद्दीमा सम्झौता भन्दा बढी परिमाणमा नदीजन्य पदार्थ भएमा उक्त बढी भएको परिमाणको नदीजन्य पदार्थ कार्यालयले जफत गर्ने छ । जफत गरेको परिमाणको नदीजन्य पदार्थ आयोजनाहरुलाई विक्री वा लिलाम विक्री वा कार्यालयले आफ्ना आयोजनाहरुमा प्रयोग गर्न सक्नेछ । कार्यालयले रु ५० लाख सम्मको परिमाणको हकमा न्युनतम पाँच दिनको सूचना तथा सो भन्दा माथिको हकमा न्यूनतम सात दिनको म्याद दिई लिलाम सूचना प्रकाशन गर्नेछ । लिलामीमा सहभागी हुने कबोलदाताले कबोल अंकको ५ प्रतिशत (मु.अ.कर बाहेक) रकम धरौटी वापत नगदै वा मान्यता प्राप्त बैंकको बैंक ग्यारेण्टी राख्नु पर्नेछ। सबै भन्दा बढी कबोल गर्नेको लिलाम स्वीकृत गरिनेछ। कार्यालयको तोकेको लागत अनुमान भन्दा कम मूल्य कबोल गरेमा स्वत: कबोल गर्ने कबोलदाताको प्रस्तावलाई मूल्याङ्कन प्रकृयाबाट अलग गरिनेछ। लिलाम स्वीकृत भएको सूचना पत्रिकामा प्रकाशन भएको मितिले सात दिनभित्र सम्बन्धित पक्षले सम्पूर्ण कबोल अंक कार्यालयको खातामा नगदै वा पचास



प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

प्रतिशत नगद र पचास प्रतिशत मान्यता प्राप्त बैंकको बैंक ग्यारेण्टी जम्मा गरी सम्झौता गरिसक्नुपर्नेछ, बैंक ग्यारेन्टीको म्याद कार्य सम्पन्न हुने अवधिमा थप ३ महिना बरावर हुनुपर्नेछ । अन्यथा उपनियम ३ बमोजिम हुनेछ । जमानतको हकमा नियम ६१ तथा नियम ६२ बमोजिम हुनेछ । लिलाम फारमको दस्तुरको हकमा नियम ५६ मा उल्लेख भए बमोजिमको राजश्व बुझाई लिलाम फाराम प्राप्त गर्न सकिनेछ। साथै उपरोक्त बमोजिम व्यवस्थापन नभएमा उक्त नदिजन्य पदार्थको व्यवस्थापन कार्यालयले निर्णय गरे बमोजिम हुनेछ । अन्य प्रकृयाबाट नदिजन्य पदार्थ जफत भएको अवस्थामा समेत माथि उल्लेख भए बमोजिम नै हुनेछ । लिलाम गर्दा उक्त नदीजन्य पदार्थको दररेट सम्बन्धित आ.व.को आर्थिक ऐनमा उल्लेख भए बमोजिम न्यूनतम दररेट लाई नै आधार मानी लागत मूल्याकंन अंक कायम गरिनेछ ।

(८) उपनियम (७) मा उल्लेखित प्रावधानहरु संघ तथा प्रदेशको कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ ।

निर्णय नं.-२

यस नगरपालिकाको आ.व. २०७७/०७८ मा ठेक्का तथा आयोजनाको लागि नदीजन्य पदार्थ उत्खनन् गरी घाटगद्दी गर्न अनुमती दिइएकोमा घाटगद्दी स्थलको नापजाँच गर्दा अनुमती भन्दा बढी उत्खनन् भएको देहाय बमोजिमको परिमाण "तिलोत्तमा सार्वजनिक खरिद नियमावली २०७६" को नियम १४० को उपनियम ७ बमोजिम जफत गरिएकोमा सोही नियम बमोजिम लिलाम विक्री गरी राजस्व असुली गर्ने निर्णय गरियो ।

| क्र.स. | घाटगद्दी स्थल | माल बस्तु | जफत गरिएको परिमाण (घनफुट) | लागत रकम मूल्य |
|---|---|---|---|---|
| १ | तिलोत्तमा ६ पहुनी | मिस्कट | १५३१८३८ | २७५७३०८४ |
| २ | तिलोत्तमा १३ सेमरी | मिस्कट | ७०९६३४ | १२७७३४१२ |
| ३ | तिलोत्तमा १४ बागधुरा | मिस्कट | १८८१७२ | ३८९९१५४ |
| | | भस्कट | ८५३४३ | |

निर्णय नं.-३

अनुगमन समितिबाट तिलोत्तमा वडा नं.-३,४,६,१३ र १४ को तिनाउ नदी किनाराका स्थानमा घाटगद्दी गरी राखेका नदीजन्य पदार्थको अनुगमन गरी प्रतिवेदन पेश भएकोमा प्रतिवेदनमा उल्लेखित नदीजन्य पदार्थको खरिदको स्रोत खुल्ने प्रमाण सहित दावी पेश गर्न ३ दिने सूचना जारी गरिएकोमा तोकिएको समयभित्र सबैको दावी पेश हुन नआएको र पेश हुन



प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख

आएका प्रमाणले दावी पुग्ने सक्ने अझै पर्याप्त आधार नदेखिएको हुँदा यस सम्बन्धमा पुनः३ दिने सूचना जारी गर्ने र दावी नपुग्ने परिमाणको हकमा जफत गर्ने निर्णय गरियो ।

निर्णय नं.-४

यस नगरपालिका वडा नं.-१ (साविक आनन्दवन गाविस वडा नं.-२घ) कित्ता नं. ७४अन्दाजी ज.वि.०-११-७ क्षेत्रफल रहेको जग्गा देवस्थानको नाउँमा रहेको सार्वजनिक जग्गामा नेपाल मगर संघले संघको झण्डा गाडेर अवरोध पुर्याएकोले उक्त कार्यको खेद व्यक्त गर्दै नेपाल मगर संघ तिलोत्तमा नगर समितिलाई उक्त झण्डा हटाउन अनुरोध गर्ने निर्णय गरियो । साथै उक्त कार्यमा सहयोग पुर्याउन सरोकारवाला सबैमा अनुरोध गर्ने ।

...प पाडेल
प्रमुख प्रशासकीय अधिकृत

वासुदेव घिमिरे
नगर प्रमुख